नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २०० २०७८ साल फागुन २७ गते शुक्रबार (11 Mar. 2022 Friday) मूल्य रु. ५/-

बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरीक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'कञ्चनवनमें राम... ३ पृष्ठमा : पहिरो पीडितलाई गाउँपालिकाको... ३ पृष्ठमा : घट्यो सुनकोमूल्य ...

# फुसको संरचना भएका घरको ठाउँमा पक्की भवन बनाउने मेरो सपना : मन्त्रि साह

**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**

बाढी, बिहेबारी तथा गाँउमा विभिन्न विषयमा छलफल र भेला गर्ने बेला एउटा व्यवस्थीत भवनको अभाव भोग्दै आएको सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ विषणपुर गाँउका बासिन्दाको समस्या समाधान भएको छ ।

विहीवार मधेश प्रदेशका समाजिक विकास मन्त्री नवल किशोर साहले संसदीय बिकास कोषको १९ लाख र प्रदेश सरकारको २० लाखको लागतमा सभाकक्ष सहितको तीन कोठे सामुदायीक भवन निर्माण गरी समुदायलाई हस्तान्तरण गरेपछि स्थानीयबासीको सपना साकार भएको छ ।



भवनको उदघाटन गर्दै मन्त्री साहले भने"यहाँका गाउँलेका पिडा नजिकबाट हेरेको छु,त्यसैले उपलब्ध गराईएको सुबिधा सम्पन्न भवनको सदुपयोग गर्नूहोला, यही आग्रह छ । "

उनको निर्वाचन क्षेत्र समेत रहेको यस क्षेत्रमा कम्तीमा पाँच हजारले रोजगारी पाउने गरी एउटा कारखाना स्थापनाको सपना बुनेको समेत उनले बताए । कार्यक्रम स्थल अगाडी रहेका फुसका संरचना भएका घरहरु

***बाँकी अन्तिम पृष्ठमा***

# काँग्रेस सप्तरीमा साह विजयी

**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**

नेपाली काँग्रेको सप्तरी जिल्ला सभापतीमा रामदेव साह बिजयी भएका छन् ।

उनी शेखर कोईराला पक्षका हुन् । संस्थापन पक्षका शत्रुघन प्रसाद यादबलाई १ सय १६ मतले पराजीत गर्दै साह बिजयी भएका हुन् । सात पदाधीकारी सहित ८४ सदस्यीय जिल्ला कार्या समितीका लागी साह र यादव प्यानल सहित प्रतिस्पर्धा गरेका थिए ।

मंगलवार निर्वाचन सम्पन्न भए पनि मतगणना प्रक्रियाबारे दुबै पक्षबीच बिवाद हुदाँ मतगणना लम्बिएको हो । दुबै पक्ष सहमतीमा आएपछि बिहीबार कडा सुरक्षाबीच स्थानीय जिल्ला समन्वय समितीको सभाकक्षमा मतगणना सुरु गरिएको हो ।

मुख्य निर्वाचन अधिकृत डा.रुद्र शर्माका अनुसार सभापती पदमा साहले १ हजार १ सय ८६ मत प्राप्त गरे भने उनका निकटतम प्रतिद्वन्दी यादवले १ हजार ७० मत प्राप्त गरेका छन् । साह अघिल्लो निर्वाचनमा सभापती पदमा पराजित भएका थिए । सभापती पदमा ८६ मत बदर भएको छ । निर्वाचनमा २



हजार ५ सय ३५ मतदाता रहेकोमा २ हजार ३ सय ४२ मत खसेको थियो ।

अन्य पदाधीकारी, प्रतिनीधी तथा सदस्यहरुको मत गणना भने जारी रहेको तथा सम्पुर्ण नतिजा आउन अझ दुई दिन समय लाग्ने अनुमान गरिएको पार्टी प्रवक्ता प्रभात कुमार ललनले जानकारी दिएका छन् ।



## सम्पादकीय

# राजविराजको बस पार्क "बिरवलको खिचडी"

पाँच/पाँच पटक शिलान्यास भईसकेको बहुचर्चित राजविराज बस पार्कको अझै निर्माण कार्य सम्पन्न भइसकेको छैन ।

मानौ 'बिरबलको खिचडी' पाकिरहेको अवस्था जस्तै । यस्तो अवस्था भने यहाँका जनप्रतिनिधीका लागी लाजमर्दो अवस्था हो । बस पार्कको ठेक्का लिने र समयमै निर्माण कार्य सम्पन्न गर्न नसक्ने ठेकेदार कम्पनीलाई कारवाही किन गरिएन ?

ज्वाँइ जस्तो व्यवहार किन ? यी सबै प्रश्नको जवाफ नगरवासीले खोजी रहेका छन् । वर्षौ देखी नगरको मुख्य सडकमा धुलो उडाउँदै गरेका सवारी साधनहरु विकल्प नहुँदा सडक किनारमै पार्किङ्ग गर्ने र संचालन गर्दै आएका छन् । तर पनि जनप्रतिनिधीको आँखाले हेर्न र कानले सुन्न नसक्नु घोर निन्दनीय छ ।

चुनाव नजिकीदै छ, जनप्रतिनिधीहरु हेक्का रहोस् । जनता निर मत माग्न जादाँ यस्ता थुप्रै समस्याका पहाडबाट सामना गर्नू पर्ला । तसर्थ बाँकी रहेको केही समय भित्रै यस्ता समस्याको समाधान तदारुक्ताका साथ खोजिनु नै बुद्धिमानी हुनेछ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'कञ्चनवनमें राम खेलैय होरी..'

*– गोपालप्रसाद बराल*

महोत्तरी, २६ फागुन (रासस)।

'कञ्चनवनमें राम खेलैय होरी...हो, कञ्चनवनमें' आज भङ्गाहा नगरपालिका–९ कञ्चनवन 'होरी उत्सव' मा उमङ्गित छ। एकाबिहानै मिथिला माध्यमिकी परिक्रमाका यात्री कञ्चनवन पुग्न थालेसँगै यहाँ 'होरी उत्सव' का गीत गुञ्जिन लागेका हुन्।

कञ्चनवन वरिपरिका बस्तीमा आज घरघरमा चटारो छ। मध्यान्ह सुरु हुने 'होरी महोत्सव' को घरघरै चर्चा छ। 'ए मखानपुरवाली, तिमीले घरकाज सक्यौ, नानीहरूका लागि ख्वाउने प्याउने इन्तिजाम मिलाई सक्यौ ?' एक गृहिणीले छिमेककी अर्की गृहिणीलाई सोध्ने आजको आम प्रश्न बनेको छ। अवधविहारी (श्रीराम) र किशोरीजी (श्री जानकीजी) को परिक्रमा डोला आइपुग्नासाथ गृहिणी घरको काम जे बाँकी छ, त्यो थाति राखेर कञ्चनवन दौडन्छन्। सबैको एउटै लय, एउटै स्वर ! 'कञ्चनवनमें राम खेलैय होरी...हो, कञ्चनवनमें..!!'

अघि त्रेता युगमा श्रीराम र जानकी विवाहपश्चात् विहार गर्दै मिथिलाका विभिन्न क्षेत्रको भ्रमण गर्ने क्रममा फागुन शुक्ल सप्तमीका दिन कञ्चनवन पुगेर रङ अबिर खेलेका विश्वासमा यहाँ सो दिन 'होरी उत्सव' को परम्परा चलेको मानिन्छ। "श्रीराम आ जानकीजी अजुके दिन कञ्चनवनमें होरी खेल्ने रहे", (श्रीराम जानकीले आजकै दिन कञ्चनवनमा होरी खेलेका थिए) कञ्चनवनसँगै जोडिएको हरिणमरी बस्तीका आज होरी उत्सवमा सहभागी हुन जाने तयारीमा रहनुभएका ८५ वर्षीय जितन यादव भन्नुहुन्छ, "ओहीके यादमें अई ठाम परिक्रमाके आठम दिन होरी उत्सव मनाओल जायत अछि, हमहुँ जेवाक तयारीमें छी" (त्यसैको सम्झनामा यहाँ परिक्रमाको आठौं दिन होरी उत्सव मनाउने गरिएको हो, म पनि जाने तयारी गर्दैछु)।

कञ्चनवनमा परिक्रमा यात्री सखारै पुग्न थाले पनि 'होरी उत्सव' भने मध्यान्ह कटाएर सुरु हुन्छ। यस भेगका जनजन परिचालन हुने यो खास पर्व बन्दै आएको छ। आज यस भेगका बस्तीबस्तीमा डुलन्ते व्यापारी साइकल खटखटाउँदै विभिन्न रङका अबिर पोका बेच्न घरघर डुल्दैछन्। 'अबिर लियौ अबिर !' व्यापारीको स्वर घरका कोठाचोटासम्म पुग्छ। रातो, हरियो, निलो, पहेँलो र अन्य विभिन्न रङका पोकाको जोहो घरघरै हुन्छ। मध्यान्हअघि खानपिन सकेर चहकिला वस्त्रमा सजिएर मठतिर निस्कनेको ताँती लाग्छ। होरी गीत गाउँदै झुम्दै।

'हो..किनकाके हात कनक पिचकारी, किनकाके हात अबिर झोरी..!' एकपक्षको यो स्वरमा लय मिलाउँदै 'रामजीके हात कनक पिचकारी, सीयाजीक हातमें अबिर झोरी...हो.. खेलैय होरी..!!' को जवाफ फर्कन्छ। मिथिलामा श्रीपञ्चमीसँगै अतिथि सत्कारमा रङ अबिरको प्रयोग थालिए पनि जनजनले खेल्ने 'होरी' भने कञ्चनवनबाटै प्रारम्भ हुने परम्परा छ।

कञ्चनवनमा अवधविहारी र किशोरीजीको डोला पुगेर बिसाइएपछि सर्वसाधारणले दर्शन र पूजाआराधना गरेर अबिर चढाउँछन्। यो विधि सम्पन्न भएसँगै होरी उत्सव मेलामा पुगेका सर्वसाधारणले यात्रीलाई आदरपूर्वक अबिर लगाइ दिने क्रम सुरु हुन्छ। एकअर्कालाई अबिर लगाएर कल्याण र आनन्दको कामना गरिने यो पर्व उल्लाससाथ मनाइन्छ। कञ्चनवनको होरी उत्सव मनाउन भङ्गाहा नगरपालिकाले आज सार्वजनिक बिदाको घोषणा गरेको छ।

कञ्चनवनमा आज 'होरी उत्सव' मनाउन मिथिलाक्षेत्रका ख्यातिप्राप्त सङ्गीत कला प्रतिष्ठानले होरी गायन कार्यक्रम आयोजन गरेका छन्। फागुन औंशीका दिन धनुषाको ठेराकचुरीबाट सुरु हुने परिक्रमा फागुन पूर्णिमाका दिन जनकपुर पुगेर अन्तगृह परिक्रमापछि समापन हुन्छ। यस यात्राको आठौं दिन कञ्चनवनको विश्राम 'होरी उत्सव' कै परम्पराले खास बन्दै आएको पाका मैथिल बताउँछन्।

# नेपालको विकासका लागि एमसिसी आवश्यक : प्रधानमन्त्री देउवा

पर्सा, २६ फागुन (रासस)।

प्रधानमन्त्री शेरबहादुर देउवाले हालै संसद्बाट पारित भएको एमसिसी सम्झौताले नेपालको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने धारणा व्यक्त गर्नुभएको छ। उहाँले एमसिसीबाट प्राप्त हुने रकम ऋण सहयोग नभई अनुदान भएकाले उक्त रकमलाई सदुपयोग गर्न सकिए राष्ट्र विकास चाँडै गर्न सकिने विचार व्यक्त गर्नुभयो।

नेपाली कांग्रेस पर्साले आज वीरगञ्जमा आयोजना गरेको जिल्ला कार्यसमितिमा निर्वाचित पदाधिकारीलाई प्रमाणपत्र वितरण तथा पदास्थापन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले एमसिसीबाट प्राप्त रकमलाई सदुपयोग गरे अमेरिका मात्र नभई विश्वका अन्य समृद्ध राष्ट्रले नेपालमा लगानी गर्ने र मुलुकमा व्याप्त रहेको बेरोजगारी तथा पछौटेपन समाप्त हुने विश्वास व्यक्त गर्नुभयो।

सभालाई सम्बोधन गर्दै प्रमानमन्त्री देउवाले चीन र भारतजस्ता विशाल राष्ट्रको बीचमा रहेको नेपालले मुलुकको विकासका लागि दुवै देशको सहयोग लिने र दुवै राष्ट्रसँग सन्तुलित मित्रवत् सम्बन्ध राख्न आवश्यक रहेको बताउनुभयो।

कांग्रेसका सभापतिसमेत रहनुभएका प्रधानमन्त्री देउवाले सरकारमा सहभागी भएका दलसँग समन्वय गरी स्थानीय तहको निर्वाचनमा सहभागी हुने जानकारी दिनुभयो। उहाँले गठबन्धनसँग मिली निर्वाचनमा सहभागी भए स्थानीय, प्रदेश र सङ्घ गरी तीनै तहमा विजय हासिल गर्ने सम्भावना प्रबल भएकाले गठबन्धनमा चुनाव लड्ने विषयमा दलहरूसँग छलफल चलिरहेको बताउनुभयो।

विसं २०७४ को चुनावमा कांग्रेस कमजोर भएर नभइ सबै कम्युनिष्टहरू एक भएकाले कांग्रेसको हार भएको स्पष्ट गर्दै गठबन्धनसहित निर्वाचनमा जाने विषयमा छलफल भइरहेको समेत बताउनुभयो।

विभिन्न दल परित्याग गरी कांग्रेस पार्टीमा प्रवेश गरेका पर्साका पोखरिया नगरपालिकाका प्रमुख दीपनारायण रौनियार (मन्टु)लगायतका नेता-कार्यकर्तालाई सभापति देउवाले कांग्रेस पार्टीमा स्वागत गर्नुभएको छ। कांग्रेस पर्साका नवनिर्वाचित अध्यक्ष जनार्धनसिंह क्षेत्रीको अध्यक्षता सम्पन्न भएको कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्यद्वय रमेश रिजाल, अजय चौरसिया, संविधानसभा सदस्य अनिल रुङ्गटा, प्रतिनिधिसभाका पूर्वसदस्य सुरेन्द्र चौधरीलगायतले आउने तीनै तहको निर्वाचनमा कांग्रेसले बहुमत हासिल गर्ने दाबी गर्नुभएको थियो।

# हेटौँडा सरकारी अस्पतालमा डायलासिस सेवा सुरु

बागमती, २६ फागुन (रासस)।

हेटौँडा उपमहानगरपालिकाको सहयोगमा हेटौँडा सरकारी अस्पतालमा डायलासिस सेवा सुरु गरिएको छ। उपमहानगरपालिकाको समन्वय र सहयोग तथा अस्पतालको प्राविधिक व्यवस्थापनमा डायलासिस सेवा सुरु गरिएको छ। अहिले सो अस्पतालमा १० मेसिनमार्फत बिरामीको डायलासिस भइरहेको छ।

हेटौँडालगायत मकवानपुरमा डायलासिस गर्नुपर्ने ५ सय ३७ बिरामी रहेका छन्। उक्त सेवा हेटौँडामा पाएपछि जिल्ला बाहिर जाने अवस्था नरहेको उपमहानगरपालिकाका प्रमुख हरिबहादुर महतले जानकारी दिनुभयो। नगरवासीलाई पहिलो स्वास्थ्य सुविधा दिएपछि पूर्वाधार विकासमा जोड दिएको र आगामी दिनमा समेत अस्पताललाई सहयोग गर्ने उहाँले बताउनुभयो।

यसअघि हेटौँडामा निजी क्षेत्रबाट सञ्चालनमा रहेको चुरेहिल अस्पतालले मात्र डायलासिस सेवा दिइरहेको थियो। हेटौँडाको सरकारी अस्पतालमा सो सेवा उपलब्ध भएपछि वीरगञ्ज, काठमाडौं र चितवनलगायत ठाउँ डायलासिसका लागि जाने अवस्था हटेकोमा स्थानीय खुसी भएका छन्।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल**. गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के जी पाकेको गोवर मल प्रयोग गर्ने वा १ ७ के जी डि ए.पी र १ के जी यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिंगरलिङ्गको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रतिधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी १ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी २ | स्टोकिङ्ग डेन्सिटी ३ | स्टोकिङ्ग डेन्सिटी ४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु<br>नैनि | पानीको मध्य भागदेखी पिंध सम्म<br>पानीको पिंधभागमा | डेट्रिटस, दाना<br>सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लान्क्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यती अनुपातमा घाँस हाल्ने

वा

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५

# पहिरो पीडितलाई गाउँपालिकाको आर्थिक सहयोग

मङ्गलबारे, २६ फागुन (रासस)।

जिल्लाको रोड गाउँपालिकाका पहिरो पीडितलाई गाउँपालिकाले सहयोग गरेको छ। गाउँपालिकाले वडा नं ३ र ४ का पहिरो पीडितलाई आर्थिक सहयोग गरेको हो।

गाउँपालिकाले १३ घर परिवारलाई प्रतिघर रु एक लाखका दरले आर्थिक सहयोग गरेको हो। गाउँपालिकाका ती वडामा २०६८ सालदेखि पहिरो बग्न थालेको थियो। विसं २०७२ बाट पहिराले गाउँलाई जोखिम बनाएर १३ परिवार विस्थापित हुनुपरेको थियो। पहिरो पीडित घर(परिवारलाई बुधबार पहिरो प्रभावित क्षेत्रमै पुगेर गाउँपालिकाका अध्यक्ष शमशेर राई, उपाध्यक्ष चन्द्रकला राईलगायत जनप्रतिनिधि र कर्मचारीले प्रतिपरिवार रु एक लाख बराबरको चेक हस्तान्तरण गर्नुभएको हो।

पहिराबाट विस्थापित हुनुभएका यामप्रसाद मगर, मनकुमारी लाप्चा, कौशिला खड्का, टङ्क बस्नेत, नरबहादुर बस्नेत, टेकबहादुर पिठाकोटी, इन्द्रबहादुर पिठाकोटी, भीमबहादुर मगर, बलबहादुर मगर, हस्तकुमारी मगर, भुवनकुमार बस्नेत, सन्तबहादुर लाप्चा र खड्गबहादुर राईको परिवारलाई प्रतिपरिवार रु एक लाखका दरले चेक हस्तान्तरण गरिएको हो।

पहिरो पीडितलाई घर-जमिन व्यवस्थापन गर्न रकम दिइएको गाउँपालिकाका अध्यक्ष राईले बताउनुभयो। अध्यक्ष राईका अनुसार २०७४ सालमा स्थानीय तहको निर्वाचनपछि आफूहरू निर्वाचित भएर आउँदादेखि नै चुरे र जोखिम क्षेत्रको रोकथाम साथै नियन्त्रण गर्नका लागि निरन्तररुपमा पहल भइरहेको छ।

गाउँपालिकाले मात्र नसक्ने भएर प्रदेश र सङ्घीय सरकारसमक्ष समेत सहयोगका लागि प्रक्रिया अगाडि बढाइएको उहाँले बताउनुभयो। प्रदेशबाट यसअघि रु १० लाख विनियोजन भएर पहिराको फेदमा बाँध बाध्ने काम अगाडि बढेको उहाँले बताउनुभयो।

# भक्तपुर अस्पतालमा खुलेको आइसियु सेवा बन्द

भक्तपुर, २६ फागुन (रासस)।

स्थापना भएको ११९ वर्षपछि पहिलोपटक सञ्चालनमा आएको भक्तपुर अस्पतालको बच्चाको आइसियु बन्द भएको छ। बागमती प्रदेश सरकारको बजेटमा यही फागुन १ गतेदेखि अस्पतालका तत्कालीन मेडिकल सुपिरटेन्डन्ट डा सुमित्रा गौतमले सञ्चालनमा ल्याएको २० शय्याको आइसियु बन्द भएको अस्पताल प्रशासनले जानकारी दिएको छ।

अस्पतालमा वर्षौंदेखि प्रसूति वार्ड सञ्चालनमा रहे पनि बच्चाको आइसियु नहुँदा आकस्मिक अवस्थामा बिरामीलाई अन्य अस्पतालमा रेफर गर्नुपर्ने अवस्थाको अन्त्य गर्ने लक्ष्यका साथ सञ्चालनमा ल्याइएको बच्चाको आइसियु मेसु सरुवा भएलगत्तै बन्द भएको अस्पतालका कर्मचारीले बताएका छन्।

अस्पतालका तत्कालीन मेसु डा गौतमले भक्तपुर अस्पतालमा बच्चाको आइसियु नहुँदा प्रसव पीडामा रहेका महिला र बच्चाको ज्यानै जाने अवस्था अन्त्य गर्न २० शय्याको एनआइसियु र १६ शय्याको अर्को आइसियु सञ्चालनमा ल्याइएको भए पनि आफ्नो सरुवा भएको केही दिन पछि नै बच्चाको आइसियु ( एआइसियु) बन्द भएको सुन्दा दुःख लागेको डा गौतमले बताउनुभयो। अस्पतालले बच्चाको आइसियु सञ्चालन गर्न थप छ जना नर्ससहितको जनशक्तिसमेत व्यवस्थापन गरेकाले बन्द सेवा पुनः सञ्चालन गर्नुपर्ने उहाँको भनाइ छ।

जिल्ला समन्वय समितिका प्रमुख एवं अस्पताल व्यवस्थापन समितिका पूर्वअध्यक्ष नवराज गेलालले नमूनाका रुपमा सञ्चालित भक्तपुर अस्पतालमा बन्द आइसियु तत्काल सञ्चालनमा ल्याउनुपर्ने र अस्पतालबाट बिरामी निजी अस्पतालमा रेफर गर्ने कार्य रोक्नुपर्ने बताउनुभयो।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा श्रीधर ढुङ्गेलले अस्पतालले विगतमा तयारी नै नगरी एनआइसियु सञ्चालन गरेकाले बन्द गर्नुपरेको जानकारी दिनुभयो।

# घट्यो सुनको मूल्य

काठमाडौं, २६ फागुन (रासस)।

सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य प्रतितोला रु तीन हजार ५०० ले घटेर रु एक लाख दुई हजारमा आएको छ। बुधबार सुनको मूल्य नेपाली बजारमा हालसम्मकै उच्च हुँदै प्रतितोला रु एक लाख पाँच हजार ५०० मा कारोबार भएको थियो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख एक हजार ५०० तोकिएको छ। यसको मूल्य बुधबार प्रतितोला रु एक लाख पाँच हजार थियो। त्यस्तै आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु ४५ले घटेर रु एक हजार ४०५ पुगेको

*बाँकी अन्तिम पृष्ठमा*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


## विश्व समाचार

# ब्लिन्केन र कुलेबा बीच युक्रेनलाई थप सुरक्षा, मानवीय सहायता प्रदान गर्ने प्रयासहरूबारे छलफल

अमेरिका (वासिङ्टन), २६ फागुन (रासस(एएनआई)।

अमेरिकी बिदेशमन्त्री एन्टोनी ब्लिन्केन र युक्रेनका विदेशमन्त्री दिमित्रो कुलेबाबीच टेलिफोन वार्ता भएको छ।

उहाँहरूबीच युक्रेनलाई थप सुरक्षा र मानवीय सहायता उपलब्ध गराउने समन्वयात्मक प्रयासबारे छलफल भएको अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले बताउनु भएको छ।

वार्तापछि आधिकारिक विज्ञप्ति जारी गर्दै विदेशमन्त्री एन्टोनी जे ब्लिन्केनले आज युक्रेनी विदेशमन्त्री दिमिट्रो कुलेबासँग फोनमा कुरा गरेको उहाँहरूबीच युक्रेनलाई थप सुरक्षा सहयोग र मानवीय सहयोग उपलब्ध गराउने समन्वयात्मक प्रयासबारे छलफल भएको जनाइएको छ।

ब्लिन्केन र कुलेबाले रुसको सैन्य कारबाही रोक्न जारी कूटनीतिक प्रयासबारे पनि छलफल गरेको प्राइसले उल्लेख गर्नुभएको छ।

# चीनमा कोरोना सङ्क्रमितको संख्या बढ्दै

बेइजिङ, २६ फागुन।

चीनमा पछिल्ला केही दिनयता कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बढ्न थालेको बताइएको छ।

यहाँका स्वास्थ्य अधिकारीले पछिल्ला केही हप्तामा यो सङ्ख्या बढेको बताएका हुन्। यहाँ थप संख्यामा कोरोना भाइरसका सङ्क्रमित भेटिन थालेको बताइएको छ।

चीनको नेशनल हेल्थ कमिसनले दिएको जानकारीअनुसार चीनभित्रै पनि संक्रमणका थप व्यक्ति भेटिएका हुन्। चीनका विभिन्न सहरमा बुधबार मात्र कोरोना भाइरसका ४०२ जना नयाँ सङ्क्रमित देखिएका हुन्।

अघिल्लो दिन अर्थात् मङ्गलबार यहाँ २३३ जना सङ्क्रमित पाइएकामा बुधबार ४०२ पुगेको हो। चीनभित्रै पनि यी सङ्क्रमित बढ्न थालेका समाचारमा जनाइएको हो।

यहाँका जिलिन, सांदोन, सान्सी प्रान्तका केही स्थानमा सङ्क्रमित पाइएका हुन्। यसमध्ये सबैभन्दा बढी जिलिनमा छन्। जिलिनमा मात्र १६५ जना सङ्क्रमित पाइएको बताइएको छ।

चीनमा पछिल्लो समयमा सङ्क्रमित भेटिन थालेपछि यहाँको सरकारले कोरोनाबाट निको भएका नागरिकमा पनि पुनःस्वास्थ्य जाँच गर्न सुरु गरेको छ।

यहाँका सबैजसो नागरिकालाई कोरोना पुनःहुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै चीनले नागरिकको निरन्तर परीक्षण गरिरहेको बताइएको छ।

यहाँ बुधबारसम्ममा चार हजार ६०० भन्दाबढी नागरिक कोरोना सङ्क्रमित भइ उपचार गराइरहेका बताइएको छ।

# युक्रेनमा जैविक हतियार गतिविधिको रुसको दाबी अमेरिकाद्वारा अस्वीकार

अमेरिका (वासिङ्टन), २६ फागुन (रासस(एएनआई)।

युक्रेनमा अमेरिकी अनुदानमा रसायनिक र जैविक हतियार रहेको भन्ने रुसको आरोप अमेरिकाले अस्वीकार गरेको छ।

सो आरोप अस्वीकार गर्दै अमेरिकी बिदेश मन्त्रालयले बुधबार क्रेमलिनले पूर्वीयुरोपेली क्षेत्रमा यस्ता गैरकानूनी गतिविधिबारे झूट फैलाएको बताएको छ।

रुसी रक्षा मन्त्रालयका प्रवक्ता इगोर कोनाशेन्कोभले बुधबार युक्रेनी प्रयोगशालाका कर्मचारीले प्लेग, एन्थ्राक्स, हैजा र अन्य घातक रोगका खतरनाक रोगजनक जीवाणु फैलाएको बताएका थिए।

"क्रेमलिनले जानाजानी संयुक्त राज्य अमेरिका र युक्रेनले युक्रेनमा रासायनिक र जैविक हतियारका गतिविधि सञ्चालन गरिरहेको छ भन्ने स्पष्ट झूट फैलाइरहेको छ।

त्यसैगरी चीनका अधिकारीले पनि यी षड्यन्त्र सिद्धान्त प्रतिध्वनित गरेको अमेरिकी विदेश मन्त्रालयले बताएको छ।

अमेरिकाको विदेश मन्त्रालयले "यो रूसी विकृति पूर्णतया बकवास हो र रसियाले अर्को देश बिरुद्ध यस्तो झूटा दावी आविष्कार गरेको पहिलो पटक होइन र यस्ता दावीहरू धेरै पटक खारेज गरिएका छन्," भनेको छ।

# युक्रेनबाट चिनियाँ नागरिक बोकेका दुई जहाज सकुशल चीन पुगे

बेइजिङ, २६ फागुन (रासस(सिन्ह्वा)।

युक्रेनबाट निकालिएका चिनियाँ नागरिक बोकेका दुईवटा अस्थायी उडान बिहीबार सकुशल चीन आइपुगेका छन्।

आठ बजे पहिलो उडान पूर्वीचीनको झेजियाङ प्रान्तको हाङझाउमा र दोस्रो उडान एघार बजे पूर्वीचीनको शानडोङ प्रान्तको जिनानमा आइपुगेको जनाइएको छ।

यसअघि युक्रेनबाट चिनियाँ नागरिकलाई फिर्ता लैजाने सात अस्थायी उडान पहिले चीन पुगिसकेका छन्।

# चौंथो संस्करणको सप्तरी प्रिमियर लिग चैत ७ देखि

**दैनिक समाचारदाता**
**राजबिराज, २६ फागुन ।**

मेयर कप सप्तरी प्रिमियर लिगको चौंथो संस्करण अगामी चैत ७ देखि राजबिराजमा हुने भएको छ ।

गत महिना संचालन हुनु पर्ने भएता पनि राष्ट्रिय टिमको खेल तालिकालाई मध्यनजर गरेर मिति सारिएको थियो । तर अब भने उपलब्ध राष्ट्रिय खेलाडीहरुलाई समाबेश गरेर प्रतियोगिता आयोजना गरिने निर्णय गरिएको प्रतियोगिता समितिका निर्देशक रोशन मण्डलले जानकारी दिए ।

लिगको आयोजना सप्तरी क्रिकेट संघले गर्दै आएको छ । पाँच फ्रेन्चाइज् टिमहरुको सहभागिता रहने प्रतियोगिताको खेलाडी चयन अक्सनमार्फत गरिदै आएको छ ।

हालसम्म देशभरबाट १ सय ४५ जना खेलाडीले अक्सनको लागि नाम दर्ता गरिसकेका छन् । सहभागी फ्रेन्चाइजले आफ्नो टिममा ५ जना जिल्ला बाहिरको खेलाडी राख्न पाउने नियम छ । जसमध्ये न्युनतम ४ जना खेलाडीलाई अन्तिम एघारमा समाबेश गरिने छ ।



जिल्ला बाहिरको खेलाडी सहित फ्रेन्चाइजले अक्सन मार्फत कूल १६ जना खेलाडीको टिम बनाउन पाउने छनु ।

यो सिजन पनि राष्ट्रिय क्रिकेटरहरुले अक्सनको लागि नाम दर्ता गराइसकेका छन्।

डिफेन्डिङ च्याम्पियन बजाज खडक बारियर्स सहित रुपनी राईडर्स, तिलाठी कोईलाडी जायन्ट्स, बोदे बर्साईन थन्डर्स र टिभीएस किंग्स राजबिराज लिगमा सहभागी टिमहरु हुन । एक साता चल्ने प्रतियोगिता सिंगल राउण्ड रोबिन फर्म्याटमा खेलाइनेछ ।

प्रतियोगिताको बिजेता टिमले यो पटक चार लाख रुपैयाँ तथा उपबिजेता टिमले दुई लाख रुपैयाँ नगद पुरस्कार पाउने सप्तरी क्रिकेट संघका अध्यक्ष आयुश श्रेष्ठले जानकारी गराएका छन् । गत संस्करणमा बिजेताले तिन लाख तथा उपबिजेताले एक लाख पचास हजार नगद पुरस्कार पाएका थिए ।

लिगको खेलहरु राजबिराज स्थित राज रंगशालामा आयोजना हुनेछ जहाँ खेल हेर्न दर्शकहरुले टिकट काट्नु पर्ने आयोजक समितिले जनाएको छ ।

## फुसको...

तर्फ संकेत गर्दै मन्त्री साहले भने "यहाँका युबाले रोजगारी पाए भने यस्ता फुसका घरहरु विस्थापित भई पक्की भवनहरु बन्ने छन् ।उनले कारखाना संचालनका लागी आफुले पहल थालेको र छिट्टै सपना पुरा हुने विश्बास समेत व्यक्त गरे ।

वर्षायाममा आउने बाढीले सो गाँउ सर्बाधिक मारमा पर्ने गरेको वडा अध्यक्ष सत्यनारायण यादवले बताए ।

"बाढी गाउँमा पस्दा सुरक्षित स्थान खोज्न यहा भागाभाग हुन्थ्यो,उनले भने "अब उचो स्थानमा सुविधा सम्पन्न सामुदायीक भवन बनेपछि सुरक्षित बास र गाउँघरमा विहेबारी तथा भेला र छलफलका लागी बेला बेलामा आउने अथितीहरुलाई पनि सहज भएको छ ।"कार्यक्रममा जसपा मधेश प्रदेश कमिटीका सदस्य सुरजित सिंह गुड्डु, समाजसेवी सुर्यनारायण यादव लगायतले पनि बोल्दै प्राप्त नयाँ भवनले गाउँवासीलाई ठुलो मदत पुग्ने विश्वास व्यक्त गरे ।

विहीवार नै मन्त्री साहले सप्तरीको मधवापुरमा प्रदेश सरकारको ९० लाखको सहयोगमा तयार पारिएको पाँच कोठे कक्षाकोठा भवनको उदघाटन र छात्राहरुलाई साईकल वितरण गरेका छन् । मधबापुर माध्यमिक बिद्यालयमा थप पाँच कोठे कक्षाकोठा भवनको उदघाटन र छात्राहरुलाई साईकल वितरण गर्दै मन्त्री साहले शिक्षाको बिकास बिना समाज र मुलुकको बिकास असम्भव रहेको जिकीर गर्दै प्रदेश सरकारले शिक्षामा सर्वाधिक लगानी गरीरहेको र प्राप्त सहयोगको सदुपयोग गर्न आग्रह गरे ।

कार्यक्रममा उक्त विद्यालयका कक्षा ८ मा पढ्ने २३ जना छात्रालाई प्रदेश सरकारको तर्फबाट तथा कक्षा ९ र १० का ५२ जना छात्रालाई हनुमाननगर कंकालिनी नगरपालिकाको तर्फबाट साईकल वितरण गरिएको थियो । सो अवसरमा हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख शैलेस प्रसाद साह,उपप्रमुख सरिता यादव लगायतले पनि बोल्दै सुविधायुक्त विद्यालय भवन र सहजताका लागी प्रदान गरिएको साईकलले विद्यालयमा विद्यार्थीको संख्या बढाउन मदत पुऱ्याउने विश्वास व्यक्त गरेका थिए ।

## घट्यो...

महासङ्घले जनाएको छ ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा सुन तथा चाँदीका मूल्यमा हुने उतारचढावका आधारमा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ । अन्तर्राष्ट्रिय बजारमा बिहीवार सुन प्रतिऔँस एक हजार ९७८ डलर आसपास कारोबार भइरहेको छ ।

# धमाधम पक्राउ पर्दै हलेसीका व्यवसायी

खोटाङ, २६ फागुन (रासस) ।


हलेसी तुवाचुङ नगरपालिका(५ दुर्छिमका ५१ वर्षीय युवराज राई र ३३ वर्षीय धीरज राई सोमबार लागुऔषध गाँजासहित पक्राउ परेका छन् ।

दुर्छिमस्थित बतासेघाट नजिकैपर्ने सुइटेखोलाको बगरमा बिक्री गर्न बोरामा पोका पारेर त्रिपालले ढाकेर ठूलो मात्रामा लागुऔषध गाँजा लुकाएर राखेको छ, भन्ने स्थानीय बासिन्दाले दिएको जानकारीको आधारमा उनीहरूलाई ईलाका प्रहरी कार्यालय हलेसीबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो ।

पक्राउ परेका दुवैजनाविरुद्ध लागुऔषध बेचबिखन तथा कारोबार महल अन्तर्गत जिल्ला अदालतमा बुधबार मुद्दा दर्ता गरेर अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक उमेश लम्सालले जानकारी दिनुभयो । ३२ किलो ४८५ ग्राम लागुऔषध गाँजासहित पक्राउ परेका उनीहरू दुवैजनालाई थप अनुसन्धानका लागि जिल्ला अदालतबाट सात दिनको म्याद थप गरेर जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको छ ।

गत भदौ( ५ गते १५ केजी गाजाँसहित सोही नगरपालिका(७ महादेविस्थानस्थित कात्तिकेका ५७ वर्षीय मगम राईलाई प्रहरीले उनको घरैबाट पक्राउ गरेको थियो । राईले प्रतिबन्धित लागुऔषध गाँजा बिक्री गर्न घरमा लुकाएर राखेको स्थानीय बासिन्दाले दिएको जानकारीको आधारमा इलाका प्रहरी कार्यालय हलेसीबाट खटिएको प्रहरी टोलीले उनलाई गाँजासहित पक्राउ गरेर मुद्दा चलाएको छ । लागुऔषध उत्पादन गर्ने उद्योग नै सञ्चालन गर्दै आएका सोही नगरपालिका(१ बाहुनीडाँडाका दुई युवकलाई प्रहरीले गत असोज(२८ गते उद्योगबाटै पक्राउ गरेको थियो । गाँजा, सुर्ती र चुना प्रयोग गरेर लागुऔषध उत्पादन गर्दै आएका बाहुनीडाँडास्थित बयाक्ताका २१ वर्षीय सुवास राई र २३ वर्षीय अविन नेपालीलाई उद्योगबाटै पक्राउ गरेर मुद्दा चलाएको थियो ।

पक्राउ परेका राई र नेपालीको उद्योगबाट सात केजी गाँजा, १५ बोरा प्याकिङ गरिएको भाले ब्राण्डको सुर्ती, दुई बोरा खुला सुर्ती, दुई बोरा चुना, एक बोरा लागुऔषध प्याकिङ गर्ने प्लाष्टिक, एक थान लागुऔषध बनाउने मेसिन, दुई बोरा लागुऔषध प्याकिङ गरिएको प्याकेटमा टालिने स्टिकर, दुई थान फलामे दाउ र एक थान अचानो बरामद गरेको थियो । पक्राउ परेका उनीहरू दुवैजनाविरुद्ध प्रहरीले मुद्दा चलाउनुका साथै उनीहरूको उद्योगबाट बरामद गरेको कच्चा पदार्थ नष्ट गरेको थियो ।



अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारिरीक व्यायमलाई निरन्तरता दिऔं,
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं,

आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*